शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८१/०१/०२ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रम सम्बन्धमा ।
२. मन्त्रिपरिषद्को कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सतर्कता केन्द्रको सुझाव सम्बन्धमा ।
३. जेष्ठ नागरिक मिलन केन्द्र दिवा खाजा कार्यक्रम सम्बन्धमा ।
४. सुरक्षित नागरिक आवस कार्यक्रम सम्बन्धमा ।
५. औद्योगिक ग्राम निर्माण सम्बन्धमा ।
६. विविध सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा महिला बालबालिका तथा जेष्ठ नगरिक मन्त्रालयको आ.व. २०८०/०८१ को कार्यक्रम अनुसार राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम संचालन मापदण्ड २०७७ अनुसार यस नगरपालिकाको १४ वटै वडामा भैसी पालन (पाडी पालन) कार्यक्रम संचालन गर्ने गरी जम्मा २५ जनालाई सहभागि गराई मापदण्ड बमोजिम कार्यक्रम संचालन गर्न सहयोगि संस्था छनोटको लागि प्रस्ताव आब्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३५२ मिति २०८०/११/०६, च.नं. ५१५ मिति २०८०/१२/९, च.नं. ५१३ मिति २०८०/१२/९, च.नं. ५१८ मिति २०८०/१२/९, च.नं. ४५५ मिति २०८०/११/११ र च.नं. ४९५ मिति २०८०/१२/४ का पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पत्रहरु, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र, राष्ट्रिय सतर्कता केन्द्र र सार्वजनिक खरिद अनुगमन कार्यालयका पत्रहरु संलग्न राखी सुझाव कार्यान्वयनको लागि भनि लेखि आएका पत्रहरु आजको बैठकमा छलफल भयो । प्राप्त सुझावलाई मध्यनजर गर्दै उक्त सुझावहरुको सवैले पालन गरी सोही बमोजिम गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको च.नं. १०६ मिति २०८०/१०/२१ को पत्र अनुसार यस नगरपालिकामा जेष्ठ नागरिक मिलन केन्द्र/दिवा सेवा केन्द्र स्थापना र संचालनको लागि रु ३७५०००।- प्राप्त भएकोमा उक्त रकमबाट पत्रमा उल्लेख भएअनुसार देहायको वडामा निम्न अनुसारको रकम बाँडफाँड गरी उदेश्य अनुसारको कार्य गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) वडा नं. ३ मा जेष्ठ नागरिक मिलन केन्द्र/दिवा सेवा केन्द्र स्थापना र संचालन गर्न रु १८७५००
(ख) वडा नं. १३ मा जेष्ठ नागरिक मिलन केन्द्र/दिवा सेवा केन्द्र स्थापना र संचालन गर्न रु १८७५००

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व.को सुरक्षित नागरिक आवास कार्यक्रमबाट ४३ घर छनौट गरी सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसारको रकम दिने गरी कार्यान्वयन प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १३ को थाप्लेवारीमा औद्योगिक ग्राम निर्माणको लागि डिपिआर तयार भई प्रदेश हुदै संघीय सरकारले औद्योगिक ग्राम घोषणा गरी गत आ.व.मा नै रु १ करोड वजेट कार्यान्वयनको लागि निकासा प्राप्त भएको अवस्था छ । चालु आ.व.मा यस नगरपालिकाबाट प्रारम्भिक वातावरणीय परिक्षण गरी पुन डिपिआर र उक्त प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन समेत उद्योग मन्त्रालयमा बुझाएको अवस्था छ । औद्योगिक ग्राम निर्माणको लागि चाहिने न्यूनतम ३५ रोपनी जग्गा चाहिनेमा सो क्षेत्रमा साविक सिमलपानी गाविस हाल को वडा नं. १३ को नाममा रहेको कि.नं. २६ क्षेत्रफल ०,८१३५ वर्ग मिटर ( १५-१५-३.१ रोपनी) जग्गा, कि.नं. २ को क्षेत्रफल ९०० वर्ग मी (१-१२-१.०८९ रोपनी) जग्गा कालिका मालिका मन्दिरको नाममा रहेको र सो सँग जोडिएको कि.नं. १ क्षेत्रफल ०,५५५५५ वर्ग मिटर (१०९-३-०-३.६६ रोपनी) प्रतिजग्गा मध्येबाट ९१५७.२७ वर्ग मी (१८ रोपनी) जग्गा समेत गरी कुल १८१९२.२७ वर्ग मी (३५-१२-०-२.४८ रोपनी) जग्गा खाली केही प्लटहरु निर्माण भएको अवस्थामा रहेको छ । हाल उक्त औद्योगिक ग्राम निर्माण गर्ने जग्गालाई चारै तर्फबाट बाटोले घेरेको अवस्थामा रहेकोले उक्त बाटोले घेरीएको जग्गा औद्योगिक ग्रामलाई चाहिने न्यूनतम आवश्यक जग्गा भन्दा पनि बढिरहेकोले औद्योगिक क्षेत्र निर्माणको लागि प्राप्त रकमबाट पहिलो चरणमा बाटोले घेरिएको औद्योगिक ग्रामको जग्गालाई तारवार लगाउने गेट निर्माण गरी जग्गा संरक्षण गर्ने र पहुँच मार्गको कार्य समेत गर्ने गरी कार्यान्वयन प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

(क) शिनपा ४ मा संचालन हुन लागेको कृषि संकलन केन्द्र संचालनको लागि आधारशिला साना किसान कृषि तथा पशु विकास महिला सहकारी संस्था लि.सँग सम्झौता गरी कार्य प्रकृया अगाडी बढाउने ।

(ख) वडा नं. ११ को ढुङ्गेसेरा क्षेत्र र वडा नं. १२ को जोख्ले गैरा क्षेत्रमा केही वर्ष पहिले गएको पहिरोका कारण ठूलो क्षति भएकोले उक्त पहिरो पिडितहरुको सहयोगका लागि नगरपालिका मार्फत संकलित राहत ( जिन्शी र नगद) संकलन र वितरणको विवरण आगामी बैठकमा कार्यालयले पेश गर्ने ।

(ग) वडा नं. १२ मा देउराली नेपाने नेवारे चिसापानी खानेपानी योजना निर्माण हुन लागेको सन्दर्भमा उक्त खानेपानी मुहान सम्म जाने सडक निर्माणको लागि आगामी नगरसभाबाट रु १ लाख विनियोजन गर्ने गरी श्रोतको सुनिश्चितता गर्ने ।

(घ) विभिन्न निर्माण व्यवसायिले निर्माण सामाग्री (ढुङ्गा मिस्कट) उपलब्ध गराई दिन भनि दिएको निवेदनका सन्दर्भमा यस नगरपालिका क्षेत्र भित्र भई रहेका विकास निर्माण (सडक स्तरोन्नती) को लागि चाहिने ढुङ्गा तथा ग्राभेल/मिस्कट नगर क्षेत्र भित्रका कुनै सडक चौडा गर्नु पर्ने अवस्था पनि भएको र उक्त चौडा गर्नु पर्ने स्थानबाट निस्कने निर्माण सामाग्री प्रयोग हुने भएमा नगरपालिकाको कार्यालयका प्राविधिक कर्मचारी, कार्यालय तथा सम्बन्धित वडा अध्यक्षको समन्वयमा प्राविधिकले दिने लाईन अनुसारको क्षेत्र भित्र रही आफै कटिङ्ग गरी रोयल्टी बुझाई विकास निर्माणको लागि प्रयोग गर्न दिने । साथै अन्य कुनै निजी जग्गाबाट निकाल्ले भएमा समेत सोही बमोजिम दिने व्यवस्था मिलाई विकास निर्माण कार्यमा आवश्यक सहयोग गर्ने ।

(ङ) वडा नं. १ सुवर्णखाल र मन्द्रेमा खेल मैदान तथा पूर्वाधार निर्माणको लागि आवश्यक वजेट विनियोजनका लागि युवा तथा खेलकुद मन्त्रालयमा वजेट माग गर्ने ।

(छ) मिति २०८०/१२/४ गतेका दिन शितगंगा २ सिमलचौरमा माटोको ढिस्कोले पुरी शारदा अधिकारीको मृत्यु भएको र आर्थिक अवस्था निकै कमदोर भएकोले राहत पाउँ भनि मृतकका श्रीमान लेखनाथ अधिकारीले निवेदन दिएकाले निजको आर्थिक अवस्था कमजोर हरेको हुँदा निजलाई रु २५ हजार विपद कोष बाट राहत सहयोग गर्ने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन गरियो ।